# Accountability Watch Committee (AWC)
# जवाफदेहिता निगरानी समिति

२० फाल्गुण २०७५

## प्रेस विज्ञप्ति

संक्रमणकालीन न्यायलाई ठीकढंगबाट सम्बोधन नभएसम्म नेपालको शान्तिप्रकृया पुरा हुँनसक्दैन । यसलाई सम्बोधन गर्न बनेका वेपत्ता पारिएका ब्यक्तिको छानविन र सत्य निरुपण तथा मेलमिलाप आयोगको म्याद एक बर्ष थप्ने एवं तिनका पदाधिकारीको समयावधि यही चैत्रसम्म थप्ने गरी ऐन संशोधन गरिएको तिन हप्ता विति सक्दा पनि लामो समय देखि थाती रहेका संक्रमणकालिन न्यायका आधारभूत पक्षसंग सम्बन्धित विषयहरुका सम्बन्धमा ऐन संशोधन प्रकृया सार्वजनिक रुपमा थालनी नभएकोमा जवाफदेहीता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ।

शान्ति प्रकृया प्रारम्भ भएको १२ बर्ष वितिसक्दा पनि यसलाई संबोधन गर्न राज्य उदासिन रहेको देखिएको छ। यो पीडित केन्द्रित प्रकृया घरेलुमात्र होईन अन्तर्राष्ट्रिय चासोको बिषय पनि हो। सत्य, न्याय, परिपुरण तथा संस्थागत सुधारका साथै नदोहोरिने सुनिश्चितताबाट समाजिक सदभाव एवं मेलमिलापको वातावरण श्रृजना गर्नु यसको आधारभुत मान्यता हुन् । यूद्ध अपराध, मानवता विरुद्धका अपराध र अन्य गम्भीर अपराधमा संलग्न व्यक्तिलाई उन्मुक्ति दिने कार्य स्वीकार्य नहुने कुरा सदैव स्पष्ट पार्दै आएका छौं । अतः यस प्रकृयालाई प्रभावकारी बनाउँन सर्वोच्च अदालतको निर्देशन तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सरोकारवालाहरुसंगको ब्यापक परामर्शबाट ऐन संशोधन गरेर मात्र विश्वश्नीय र पारदर्शी ढंगबाट पदाधिकारी नियुक्तिप्रकृया अघि बढाउँन निगरानी समिति जोडदार माग गर्दछ।

हालसालै मुलुकभर एनसेलका कार्यलयहरुमा भएका बमबिष्फोटन र त्यसले पुऱ्याएका मानवीय तथा भौतिक क्षति द्वन्द्वकालीन घट्नाका पुनरावृत्तिको संकेत हो भन्ने हामीले ठानेका छौं । यसअर्थमा पनि यो प्रकृया सहीढंगबाट संबोधन गर्न कति महत्वछ भन्ने यथार्थता जिम्मेवार निकाय र त्यसका नेतृत्वले बुझ्नु पर्ने हो। राजनीतिक आडमा यस्ता अपराधिक गतिविधि दोहोरिन नदिन र दण्डहीनताको अन्त्य गर्नसंक्रमणकालीन न्यायको सफल अवतरण अपरिहार्य छ। त्यसैले नेपालले मानवअधिकार संबन्धी अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धता र संक्रमणकालीन न्यायका आधारभुत सिद्धान्तलाई आत्मासात गर्दै पीडित केन्द्रित संक्रमणकालीन न्यायलाई यथाशिघ्र अघि बढाएर टुङ्गोमा पुऱ्याउँन र थाति रहेको नेपालको शान्तिप्रकृया पुरा गर्न राज्य समक्ष निगरानी समिति हार्दिक अपिल गर्दछ।

जवफदेहीता निगरानी समितिका तर्फबाट

चरण प्रसाँई
संयोजक

*(जवाफदेहीता निगरानी समिति द्वन्दपीडित, मानव अधिकारकर्मी, कानुनवीद र पत्रकार सम्मिलित संक्रमणकालीन न्याय संबोधनमा सहयोग गर्न गठत एक समुह हो।)*